बागमती प्रदेश सरकार

# सामाजिक विकास मन्त्रालय

हेटौंडा, नेपाल

## विषयः प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना।

प्रकाशित मितिः २०७८/१०/२१

चालू आर्थिक वर्ष २०७८/०७९ मा यस मन्त्रालयको बार्षिक कार्यक्रम अन्तर्गत तपसिलबमोजिमको कार्यक्रमहरू संघसंस्थाको साझेदारीमा सञ्चालन गर्ने गरी बजेट स्वीकृत भएको हुँदा मन्त्रालयबाट स्वीकृत "**सामाजिक क्षेत्रका कार्यक्रम कार्यान्वयन तथा व्यवस्थापन निर्देशिका, २०७८**" बमोजिम तपसिल अनुसारका कागजातहरूसहित उक्त निर्देशिकाको अनुसूचि-१ को ढाँचामा सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सामाजिक विकास मन्त्रालयमा प्रस्तावपत्र पेश गर्न कार्यक्रमसँग सम्बन्धित क्षेत्रमा कार्यरत बागमती प्रदेशभित्र दर्ता र कार्यक्षेत्र भएका इच्छुक सामाजिक संस्थाहरूका लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

<table>
<tr><th>क्र.सं.</th><th>अनुदान कार्यक्रमको नाम</th><th>पेश गर्नुपर्ने कागजातहरु</th></tr>
<tr><td>१.</td><td>जिल्लासेवा केन्द्र/सामुदायिक सेवा केन्द्र मनोसामाजिक मनोविमर्श सेवा केन्द्र सञ्चालन गर्ने महिला सहकारी संस्थाहरू तथा safe house का लागि सहयोग कार्यक्रम</td><td rowspan="2">• संस्थाले देहायका विषयहरु समाविष्ट हुने गरी तोकिएको ढाँचाको प्रस्तावपत्र,<br>  ➢ संचालकहरुको विवरण, भौतिक संरचना, जनशक्तिको अवस्था, सम्बन्धित क्षेत्रको अनुभव, आन्तरिक तथा अन्य निकायहरुसँगको श्रोत परिचालनको स्थिति र नेपाल सरकार तथा प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्डबमोजिम कार्यक्रम खर्चको अनुमानित प्रस्ताव<br>• संस्था दर्ता तथा नवीकरणको प्रमाणपत्रको प्रतिलिपि,<br>• अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,<br>• संस्थाको विधान र संस्थाको संक्षिप्त प्रोफाइल,<br>• संचालक समितिले अनुदान माग गरेको निर्णयको प्रतिलिपि,<br>• चालू आ.व. मा अन्य सरकारी निकायबाट अनुदान स्वीकृत नभएको व्यहोरासहितको सम्बन्धित स्थानीय तहको सिफारिस,<br>• अन्य निकायबाट व्यहोरिने श्रोतको हकमा श्रोतको सुनिश्चितता सम्बन्धी प्रमाण,<br>• स्थायी लेखा नं. दर्ता र कर चुक्ताको प्रमाणपत्र,<br>• समाज कल्याणमा आबद्धता प्रमाणपत्र (महिला सहकारी संस्थाको हकमा नपर्ने) र अन्य आवश्यक कागजातहरु ।</td></tr>
<tr><td>२.</td><td>अपाङ्गताको क्षेत्रमा कार्यरत संघसंस्थाको साझेदारीमा अपाङ्गता भएका व्यक्तिहरूको अधिकार संरक्षण, क्षमता विकास तथा सशक्तिकरण कार्यक्रम</td></tr>
</table>

१. सम्बन्धित निर्देशिका, अनुसूचि फारम लगायत अन्य विस्तृत जानकारीको लागि मन्त्रालयको वेबसाइट mosd.bagamati.gov.np मा हेर्न तथा मोबाइल नं. (कलावती पौडेल क्षेत्री) ९८४६२६२६४० मा सम्पर्क राख्न सकिनेछ।